नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक १५७ | २०७६ साल माघ ६ गते सोमबार (20 Jan. 2020 Monday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : कांग्रेसका सिद्धान्तवादी ... ३ पृष्ठमा : सिरहामा सलहेश ... ३ पृष्ठमा : क्षेप्यास्त्र आक्रमणमा परी...

# सातै दिन राजविराजबाट उडान सेवा हुने श्रीको एकलौटी तोड्ने प्रयासमा बुद्ध प्रतिस्पर्धामा




**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

झण्डै ६ दशकदेखी राजविराज विमानस्थलबाट पटक पटक उडान सेवा सूचारु र बन्द भएपछि गत वर्ष असार १० गतेदेखी विमान सेवा नियमित रुपमा संचालन भइरहेको छ ।

यसैबीच उडान सेवालाई अझ प्रभावकारी र प्रतिष्पर्धी बनाउने उद्देश्यले आगामी माघ १८ गते देखि बुद्ध एयरले पनि राजविराजमा उडान सेवा सुरु गर्ने भएको छ । बुद्ध एयरले श्री एयरलाइन्सको एकलौटी तोड्ने प्रयासमा साताको सातै दिन उडान भर्ने तयारी गरेको हो ।

सुरुमा श्री एयरलायइन्सले हप्ताको पाँच दिनसम्म विमान उडान गर्दै आइरहँदा ६ महिनादेखी हप्ताको तीन दिन मात्र उडान भरिरहेको छ । श्रीले कटौती गरी सोमबार, बुधबार र शुक्रबार गरी तीन दिन मात्र उडान सेवा दिदै आएको छ । त्यसमा पनि विभिन्न कारण देखाई श्रीएयरलाईन्सले पटक-पटक उडान रद्द गर्दा निरास बनेका स्थानियबासी बुद्ध एयरले सातैदिन उडान सेवा दिने भएपछि उत्साहित भएका छन् ।

यता राजविराज नागरिक उडड्यन कार्यालयका बरिष्ठ अधिकृत दुर्गामनी चौधरीले माघ १८ गते देखि नियमित उडानका लागि आवश्यक सवै तयारी पुरा भई टिकट विक्रि काउण्टर समेत संचालनमा आई सकेको जानकारी दिएका छन् ।

सुरुमा ४९ सिट भएको बुद्ध एयरको विमान दैनिक बिहान १२ बजेर १० मिनेटमा काठमाडौंका लागि उडान भर्ने र काठमाडौंबाट ११ बजेर २० मिनेटमा राजविराजका लागि उडान भर्ने समय तालिका निर्धारण गरिएको उनले जानकारी दिए ।

यात्रुको चाप बढे ७२ सिट भएको बुद्ध एयरको बिमानले सेवा दिने तयारी समेत रहेको उनको भनाई छ । हाल राजविराज-काठमाडौं रुटका लागि न्युनतम भाडा ३ हजार ६ सय निर्धारण गरिएको तथा भविष्यमा थपघट गर्ने बिमान कम्पनीको योजना रहेको उनले जानकारी दिए ।

वि.स. २०१६ सालमा तत्कालिन मन्त्री गणेशमानसिंहद्वारा उद्घाटन भएको राजविराज विमान स्थल कच्ची धावनमार्गका कारण

*बाँकी अन्तिम पृष्ठमा*

# सात सय असायलाई न्यानो कपडा ब्लायङकेट बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

चिसोबाट जोगिनका लागि आइतबार सप्तरीका दुई पालिकामा ७ सय अति विपन्न, असाय, डोम, सदाय र राम समुदायका व्यक्तिहरुलाई न्यानो कपडा

*बाँकी अन्तिम पृष्ठमा*




# काँग्रेस सप्तरीद्वारा सूचना प्रविधि बिधेयकको बिरोध




**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

नेपाली काँग्रेस सप्तरीले सूचना प्रविधि बिधेयकले संविधान प्रदत नागरिक अधिकार हनन् गर्न लागेको

*बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →




**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### बलिदानी दिवस मनाउन कीन कन्जुस्यायी !

प्रत्येक वर्ष माघ ५ गतेलाई बलिदानी दिवसको रुपमा मनाइदै आइएको छ। बि.स. २०६२/६३ को मधेश आन्दोलनमा शाहदत प्राप्त गरेका शहिदहरुको सम्झनामा सो दिवस मनाइन्छ। यस दिवसको अवसरमा प्रदेश २ सरकारले सार्वजनिक बिदा समेत दिने गरेको छ। तर, यस दिन सहीदहरुको सम्झनामा सप्तरीमा भने कुनै औपचारिक कार्यक्रम गरिएन। गत वर्ष पनि सप्तरीमा यस दिन कुनै कार्यक्रम गरिएको थिएन्। के सहीदहरु केही जिल्लाका लागि मात्र हुन्छन् त !

यता प्रदेश सरकारले भने यस वर्ष बिरगंजमा बलिदानी दिवस मनाएको छ। तत्कालिन मधेशी जनअधिकार फोरमको नेतृत्वमा भएको आन्दोलनका क्रममा सिरहाको लहानमा रमेश महतोको गोली लागि मृत्यु भएको थियो। मधेशवादी दलहरु यस दिनलाई मधेशको हकअधिकारको लडाईको पहिलो खुड्किलाको रुपमा सम्झने गर्छन्। यस दिन मधेश आन्दोलन पश्चात् मधेशले पाएको आंशिक उपलब्धीहरुप्रति चर्चा समेत गर्ने गरिन्छ।

विगतमा आधा दर्जनको संख्यामा रहेका मधेश केन्द्रित दलहरु एकीकरण पश्चात् अहिले दुई दल मात्र रहेका छन्। तर, पनि कसैले औपचारिक रुपमा भव्य कार्यक्रम गर्न सकेनन्। तसर्थ मधेशको हकअधिकारका लागि केन्द्रित ती दलहरुले हरेक वर्ष सहीदहरुलाई सम्झेर मात्र नभई उनीहरुको सपना साकार गर्न सकेमात्र सहीदप्रति सच्चा श्रद्धाञ्जली हुनेछ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेसिलिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कांग्रेसका सिद्धान्तवादी नेता गिरी



**अरविन्द कुमार यादव**

नेपाली कांग्रेसका नेता प्रदीप गिरी २०५१ सालको मध्यावधि निर्वाचनमा जितेपछि एकाएक चर्चामा आउनुभयो। बौद्धिक व्यक्तित्व तथा प्रजातन्त्रका निम्ति लडेका र पुस्तौनी इतिहास भएका गिरि आफ्ना विजयलाई इगिंत गर्दै भन्नुभएको थियो - "मेरो मतभन्दा विपक्षीको मत धेरै छ। एमालेका उम्मेदवार धर्मनाथ प्रसाद साह र अन्य उम्मेदवारको मत जोडियो भने म पराजित हुन्छ। जसबाट के बुझिन्छ भने वास्तवमा हाम्रो जित भएको छैन, यो मेरो प्राविधिक जित हो। यसमा धेरै घमण्ड गर्ने कुरा आउँदैन।" उहाँको यस भनाइबाट विपक्षीहरू पनि खुशी भएका थिए। उनीहरूमा रहेको पराजित मानसिकता समाप्त भएर गयो। यो नै एउटा प्रजातान्त्रिक नेताको एउटा वडो ठूलो गुण हो। सत्यको धरातलमा रहेर आफनो अभिमत प्रकट गर्ने गिरिको झन उचाइ बढेर गयो। खसेको कूल मतको जमानत पनि बचाउन नसक्ने सांसदहरूका निम्ति ठूलो झापड़ नै भयो। झिनो मतले निर्वाचित भएकाहरूमा घमण्डको तापमान घटेर गयो।

२०५१ सालमा एमालेको अल्पमतको सरकार बनेपछि सर्वत्र एमालेकरण हुन थाल्यो। त्यसैवेला गिरिले सिरहाको चन्द्र मा. वि. मा आयोजित आमसभालाई संवोधन गर्दै भन्नुभएको थियो। "मनमोहन अधिकारी शिखण्डी हुन्। पुड्के माधव कुमार नेपाल भ्रष्टाचारी हुन्।" उहाँका सो भनाई त्यतिबेला निकै नै चर्चित भएको थियो। आफना विपक्षीको हृदयमा पनि खुशी संचार गर्न सक्ने खुबी भएका नेता हुन् गिरि।

२०५६ को आमचुनावमा गिरी पराजित हुनुभो। जसमा नेपाली कांग्रेसकै प्रत्यक्ष अन्तरघात नै पराजयको कारण भयो। भावी प्रधानमंत्रीका उम्मेदवार भएका कृष्णप्रसाद भट्टराई उहाँको निर्वाचन क्षेत्रमा गएर आगामी गठन हुने सरकारमा गृहमंत्री बनाउने घोषणा नै गरेका थिए। तर तात्कालिन पार्टी सभापति गिरिजाप्रसाद कोइराला भट्टराई खेमाका सम्पूर्ण उम्मेदवार हराउन ठुलै षड्यन्त्र नै गरेका थिए। जसका कारण धनुषाका काँग्रेस उम्मेदवार विमलेन्द्र निधि पनि पराजित भएका थिए। तर गिरिले आफनो पराजयले मंत्री बन्नबाट रोकेकोमा खुशी नै प्रकट गरेका थिए। म मंत्री बन्न चाहन्न। मेरो हारले मेरो इच्छा पूरा गरिदियो। गिरिको सो भनाइबाट सधै मंत्री बन्न लालायित हुनेहरू झसंग भए। उहाँ भने धन्यवादका पात्र भइदिनुभो।

२०५७ सालमा नेपाली काँग्रेसको महाधिवेशन हुँदै थियो। त्यसै क्रममा गिरिले जनकपुरधामको तिरहुतिया गाछीमा आयोजित देउवा खेमाको आमसभालाई संवोधन गर्दै भन्नु भएको थियो-"जिल्ला सभापति भएपछि केन्द्रीय सदस्य बन्न मन लाग्छ, केन्दीय सदस्य भएपछि महामंत्री बन्न मनलाग्छ, महामंत्री भएपछि पार्टी सभापति बन्न मन लाग्छ र सभापति भएपछि सभापति र प्रधानमंत्री दुबै बन्न मनलाग्छ"। यो उहाँको गिरिजा प्रसाद कोइरालातिरको ठुलो व्याङ्गय नै थियो। वास्तवमा गिरिजाप्रसाद कोइराला सधै आफु नै पार्टी सभापति र प्रधानमंत्री बन्न खोजे। जसबाट देश, जनता र पार्टीलाई ठुलो नोक्सानी नै भयो। गिरिको यस भनाइबाट कोइराला पक्षधर मर्माहत नै भएका थिए।

२०६३ को माघमा मधेश आन्दोलन भयो। मधेश विद्रोहका नायक उपेन्द्र यादव एकाएक राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा एउटा परिचित नाम हुन गयो। उपेन्द्र यादव भारतमा जादाँ प्रदीप गिरिले उहाँलाई भारतीय नेताहरूलाई भेटघाट गराउन र मधेशको आवाजलाई अन्तर्राष्ट्रिय रूपमा परिचित गराउन ठुलो भूमिका नै खेल्नु भएको थियो। एकातिर नेपाली काँग्रेसको सरकारले मधेश आन्दोलन दबाउन लागेका थिए भने अर्कोतिर त्यसै पार्टीका एउटा केन्द्रीय सदस्य मधेशी आन्दोलनका नेतृत्वकर्तालाई प्रत्यक्ष सहयोग गर्नु कम चुनौतीपूर्ण काम थिएन। तर गिरिले सो चुनौतिलाई साहसपूर्वक झेलेर देश र दुनियाँलाई देखाइदिए। जसबाट उहाँप्रति मधेशको जनतामा अति नै श्रद्धा बढेर गयो। मधेशमा जन्मेर मधेशकै निम्ति केही गर्न सक्नु उहाँको इच्छा केही हदसम्म जरूर पूरा भयो। तात्कालिन मधेशी जनअधिकार फोरम नेपालका कार्यकर्ताहरूले प्रदीप गिरि फोरम पार्टीमा आउने भविष्यवाणी समेत गरेका थिए। धेरै काँग्रेसी नेताहरू फोरममा आए पनि, तर गिरि पार्टी परिवर्तन नगरेर मधेशी जनताको पक्षमा उभिरहे। मधेशीको आवाज कसैले नदबाउन भनेर मधेशीलाई सधै सचेत गरिरहे।

२०७२ असोज ३ गते नेपालको संविधान २०७२ जारी भयो। जतिबेला मधेश आन्दोलनको रापतापले जलिरहेका थिए। विश्वको सर्वोत्कृष्ट संविधानको दावा गर्नेहरू १५ दिनमै संविधान संशोधन गरे। जसले सर्वोत्कृष्ट संविधानको पोल नै खोलिदियो। पार्टी हीप मानेर मधेशबाट निर्वाचित भएकाहरू लुरूलुरू हस्ताक्षर गरे। आफना जनताको पनि बेवास्ता गरे। एउटा सामान्य जनप्रतिनिधिको कर्तव्य समेत निभाउन सकेनन्। तर त्यसै नेपाली काँग्रेसका पार्टीका सांसद प्रदीप गिरिले हस्ताक्षर नगरेर एउटा अदम्य साहसको प्रदर्शन गरे। एकतिर पार्टीको हीप र अर्कोतिर मधेश आन्दोलन भइरहँदा उहाँले जनताको पक्षमा निर्णय लिए। आफना सम्पूर्ण जीवन लगाएका पार्टीको हीप उल्लङ्घन गर्नुलाई कम आंकन सकिदैन। जसका कारण उहाँको सद्भाव सधै प्रशंनीय रहनेछ। मधेशमा उहाँको लोकप्रियता झन उचाइमा पुगेको छ। मधेशकै पक्षमा संविधान बनाउने चुनावताका प्रतिबद्धता जनाएकाहरू मधेशीकै लासमाथि संविधान जारी गरे। मधेशमा शहीदको लास जलिरहेका वेला र घाइतेहरू अस्पतालको शैयामा क्रन्दन गरिरहेका बेला उनीहरू राजधानीमा दीपावली गरे। दीपावलीको अनर्थ केवल प्रदीप गिरिले बुझे। जनतामारा संविधानमा हस्ताक्षर नगरेर मधेशी, जनजाति, आदिवासी र मुस्लिम वर्गको असल हितैपी भए। आफनो दूरदर्शिताको प्रदर्शन गरे। जनताभन्दा ठूलो पार्टी हुनै नसक्ने कुराको प्रमाणित गरेर देखाइदिए। अहिले नेपाली काँग्रेस संविधान संशोधनका अलाप अलापिरहेका छन्। आखिर पार्टी प्रदीप गिरिकै लाइनमा आउन बाध्य भए।

२०७४ मंसिर २१ मा आमचुनाव सम्पन्न भयो। प्रदीप गिरि नेपाली काँग्रेसको तर्फबाट सिरहा जिल्लाबाट संघीय संसद सदस्यमा विजयी भए। उहाँलाई पार्टी ब्हीप उल्लङ्घन गरेकोले कारबाही भएन। सजिलै पार्टीको टिकट पनि पाए। मधेशबाटै निर्वाचित पनि भएन। तर मधेशी जनताको आवाजभन्दा पार्टी ब्हीप ठुलो मानेर मधेश विरोधी संविधानमा हस्ताक्षर गर्नेहरू टिकट पाएर पनि आफनो जमानतसम्म पनि बचाउन सकेन, कतिले त टिकट पनि पाएन, कति नेता त डरले चुनाव लडन पनि अस्वीकार गरे। मधेशी मानेर पार्टीले मधेशमा उम्मेदवार भएकाहरू मधेशमै नराम्ररी नै पराजयको दुःखद पीडा भोगे। जनताविरूद्ध हस्ताक्षर गर्नेहरू नाङ्गोधार सावित भए। यसरी गिरिबाट उनकै नेता कार्यकर्ताहरू पनि धेरै कुरा सिक्न सक्छन्। उनको चतुयाइ र अडान नबुझनेहरू अहिले पश्चाताप गरिरहेका छन् होला। तर उहाँको लोकप्रियता झन झन बढ्दै गइरहेका छन् मधेशमा।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाली काँग्रोस पार्टीले धेरै दुःख गरेका छन्। जसका कारण नेपाली जनता काँग्रेसलाई नै पटक पटक सरकार बनाउने जनादेश दिए। तर काँग्रेस नेतृत्व सधै जनताको भावनामाथि कुठाराघात गरे। पटक पटक अर्थमंत्रीको जिम्मेवारी पाएका डा. रामशरण महत कहिल्यै पनि जनप्रिय बजेट ल्याउन सकेनन्। खास गरेर त तल्लो स्तरका कर्मचारीहरू ज्यादै नै पिडित भए। कारण सबै कर्मचारीको तलव बढाउदा प्रतिशतमा एकरूपता कायम गर्दा तल्लो स्तरका कर्मचारीको तलब कम बढ्ने र महँगी बराबर नै भएकाले उनीहरू पीडित भएका हुन। जसको विरोध संसद प्रदीप गिरिले खुलेआम भनेका थिए कि-"कांग्रेसले जनतालाई केही दिन सकेन भने जनताले किन कांग्रेसलाई मत दिन्छ।" उहाँ जस्तो निर्भिकता भएको नेता भेटन कठिन छ काँग्रेसमा।

नेपाली काँग्रेस पार्टी सता र भताले नै जर्जर बनेका पार्टी हुन। काँग्रेसका निम्ति सता बाँदरको हातमा नरिवल जस्तै सावित भयो। नेपाली काँग्रेस अब मुदाविहिन पार्टी जस्तै भएका छन्। प्रदीप गिरिजस्तै केही इमान्दार नेताका कारण नै काँग्रेस पार्टीको केही अस्तित्व बाँकी रहेका छन्। वी.पी.को प्रजातान्त्रिक समाजवादको पूर्नमुल्याङ्कन हुने अवस्था आइसकेको छ। संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रको खोल ओढेर काँग्रेस अगाडि बढन सकदैन। प्रदीप गिरि जस्ता सिद्धान्तनिष्ठ नेताको नेतृत्वमा काँग्रेस पुर्नसंगठित हुनु आवश्यक छ। जनताको भावना बुझने नेता सबैको प्यारो हुन्छ।

नेपाली काँग्रेसको वर्तमान नेतृत्वबाट केही आशा गर्नु बेकार नै हुन्छ। शेरबहादुर देउवा पार्टीको दोस्रो दर्जा ९क्ष्भअयलम ऋबिकक० का लायक नेता मात्र हुन। देउवा सधै गिरिजाप्रसादको नक्कल गरिरहे, तर देश, काल र परिस्थिति बुझ्न सकेन्। गिरिजा प्रसाद कोइराला २०५१ मा मध्यावधि निर्वाचन घोषण गराएर निर्वाचन सम्पन्न पनि गरे। तर देउवा २०५८ सालमा मध्यवाधि घोषणा गरेर उल्लु सावित भए। कारण देशको परिस्थित २०५१ को जस्तो २०५८ मा थिएन। माओवादी जनयुद्ध उत्कर्षमा थियो। भरखरै दरबार हत्याकाण्ड भएको थियो। त्यसको विचार नगरिकनै देउवा मध्यावधि निर्वाचन घोषणा गरेका थिए। प्रदीप गिरि देउवा खेमाकै आमसभालाई संवोधन गर्दै देउवाप्रति पनि व्यग्य प्रहार गर्थे। देउवा सरकारले तपाईलाई केही दिइको छैन भने कि मत दिने देउवालाई भनेर भन्नुहुन्थेया। जनकपुरकै आमसभामा खुमबहादुर खडका र विजय कुमार गच्छदार देउवा खेमाको आमसभामा पुगे र देउवालाई समर्थन जनाउदा गिरिले खडका र गच्छदारलाई गिरिजाप्रसादको हनुमान र अंगदको संज्ञा दिनुभएको थियो। जुन कुरा अधिवेशनभरि चर्चामा रह्यो।

नेपाली काँग्रेस प्रजातान्त्रिक पार्टी भए पनि उनमा आन्तरिक प्रजातन्त्रको सधै अभाव रह्यो। आन्तरिकरूपमा प्रजातान्त्रिक अभ्यास नगरेर काँग्रेस दुनियाँलाई प्रजातन्त्रको शिक्षा दिइरहयो। प्रदीप गिरि जस्ता नेताहरूले पार्टीको आन्तरिक प्रजातान्त्रिक अभ्यासमा नै जोड दिइरहे। जसका कारण उहाँ पटक पटक अन्तरघातका शिकार हुनपुगे। काँग्रेसले कहिल्यै पनि आन्तरिक शुद्धीकरण अभियान चलाएन, सता र भता पाएर केही नेता कार्यकर्ताहरूले पार्टीलाई हुनसम्म बदनाम गराए। तर उनीहरू सधै गिरिजा लवि र देउवा लवीका नाममा बाँचिरहे जसको उदाहरणको रूपमा खुमबहादुर खडका, गोविन्दराज जोशी र चिरंजीवी वाग्लेलाई लिन सकिन्छ। खडका, जोशी र वाग्लेलाई सर्वोच्च अदालतले भ्रष्टाचारी प्रमाणित गरेर जेलको सजाय पनि कटाए। तर उनीहरूलाई नेपाली काँग्रेस पार्टीको साधारण सदस्यताबाट खारेज गरिएनन्। जसका कारण पार्टी भष्टाचारीहरूको पार्टीमा परिणत भइदिदा पनि काँग्रेस नेतृत्वको कानमा बतास पुगेन। पार्टीमा आन्तरिक प्रजातान्त्रिक अभ्यास र प्रजातन्त्रको सुदृढीकरणमा प्रदीप गिरि एक्लो वृहस्पति भए। उनलाई साथ दिनेहरू पनि सिद्धान्तको मामिलामा कमजोर सावित भए। एकमात्र प्रदीप गिरि नेपाली काँग्रेस भित्र र बाहिर सिद्धान्तनिष्ठ नेताको रूपमा आफना परिचय बनाएर राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उदयमान नेताको रूपमा रहेका छन्। देश र जनता उहाँमाथि ठुलो भरोसा लिएर बसेका छन्। जो सार्थक होस् भन्ने कामना गर्दछु। *(मधेश दर्पण फिचर सेवा)*

# सिरहामा सलहेश पर्यटकीय सर्किट बन्दै

**राजु विश्वकर्मा**
लहान, ५ माघ (रासस)।

भ्रमण वर्ष २०२० लाई लक्ष्य गरी प्रदेश २ सरकार र स्थानीय सरकारले सिरहा जिल्लालाई सलहेश पर्यटकीय सर्किटको रूपमा विकास गर्न लागेको छ। प्रत्येक नयाँ वर्षको पहिलो दिन अर्थात् वैशाख १ गते मात्र फूल फुल्ने सिरहाको सलहेश फूलबारी क्षेत्रमा पर्यटकको आकर्षण बढ्न थालेपछि सिरहा जिल्लालाई सलहेश सर्किटको रूपमा विकास गर्न लागिएको हो।

सलहेश फूलबारीमा एक दिन मात्र माला आकारमा फुल्ने र साँझ पख ओइलाएर जाने फूलको महत्व र सलहेश फूलबारीको ऐतिहासिक र पौराणिक पक्ष बुझ्न आन्तरिक र बाह्य पर्यटकहरूको आगमन यस क्षेत्रमा बढ्न थालेको छ।

सिरहाको सलहेश फूलबारी क्षेत्रलाई पर्यटकीय सर्किटको रूपमा विकास गर्ने उद्देश्यका साथ यस वर्ष बजेट विनियोजन गरी प्रदेश सरकार अघि बढेको प्रदेश २ का उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामनरेश राय बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ - "सिरहा जिल्लालाई सलहेश सर्किटको रूपमा विकास गर्न आवश्यक बजेटसँगै योजनाहरू बनाएका छौं। त्यहाँ निर्माण गर्नुपर्ने भौतिक पूर्वाधारसँगै पर्यटकलाई लोभ्याउन सकिने योजनाहरू समेत बनाइरहेका छौं।" योजनाहरू तयार भइसकेपछि छिट्टै कार्यान्वयनमा लैजाने मन्त्री रायको भनाइ छ।

मन्त्री रायका अनुसार सलहेश फूलबारी क्षेत्रलाई प्रदेश २ कै महत्वपूर्ण पर्यटकीय स्थलको रूपमा विकास गर्ने प्रदेश सरकारले लक्ष्य लिएको छ र स्थानीय तहसँग समन्वय गरी सो क्षेत्रलाई अझै व्यवस्थित र आकर्षक बनाउने योजना छ।

प्रदेश सरकारले सलहेश क्षेत्रलाई विशेष पर्यटकीय सर्किटको रूपमा विकास गर्ने भएपछि सिरहाका स्थानीय तहसमेत उत्साहित भएका छन्। सलहेश फूलबारी क्षेत्रलाई व्यवस्थितसँगै थप रमणीय र प्रदेश २ कै आकर्षक पर्यटकीय गन्तव्य बनाउन योजनाबद्ध ढङ्गबाट अघि बढेको लहान नगरपालिकाका प्रमुख मुनी साह बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ - "सलहेश फूलबारीलाई सिरहाको मात्रै होइन, प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने नीतिअनुरुप यस वर्ष नगरसभाले रु दुई करोड १५ विनियोजन गरेको छ।"

विनियोजित बजेटलाई सलहेश फूलबारी क्षेत्रमा रहेका जग्गाहरूको व्यवस्थापन तथा विस्तार गर्न जग्गा खरिदसँगै बृहत् विकासका लागि डिपिआर तयार गर्न खर्चिने र थप योजनाहरू समेत बनाउने नगरप्रमुख साहको भनाइ छ। सलहेश फूलबारी क्षेत्रमा पर्यटकलाई आकर्षण गर्ने पूर्वाधारहरूको निर्माणसँगै पूर्व-पश्चिम राजमार्गदेखि सलहेश फूलबारीसम्म पुग्ने सडकको स्तरोन्नतिको काम समेत तीव्र रूपमा अघि बढाइएको नगरप्रमुख साह बताउनुहुन्छ। सलहेश फूलबारी क्षेत्रभित्रै व्यापारिक परियोजनाका लागि भवन निर्माण गर्न सकिने सम्भावनाको समेत नगरपालिकाले अध्ययन गरिरहेको छ।

"जिल्लाकै प्रमुख पर्यटकीय क्षेत्रको रूपमा रहेको सलहेश फूलबारी क्षेत्रमा बढीभन्दा बढी पर्यटकलाई आकर्षण गर्ने हामीले लक्ष्य लिएका छौं," भ्रमण वर्ष २०२० प्रदेश २ समन्वय समितिका सदस्य तथा लहान नगरपालिका वडा नं ७ का वडाध्यक्ष राकेश गुप्ता रोशनले भन्नुभयो - "हामीले लुम्बिनीको गौतमबुद्ध, जनकपुरको जानकी मन्दिर जस्तै सिरहाको सलहेश क्षेत्रलाई विकास गर्न चाहेका छौं। सिरहा जिल्लालाई सलहेश सर्किटको रूपमा विकास गर्ने हाम्रो सोच छ।"

पर्यटकलाई आकर्षण गर्न सलहेश क्षेत्रमा स्वागत द्वार र तुलहरू राखिएका छन् भने घुम्न आउने पर्यटकको आरामका लागि फूलबारीभित्रै धर्मशालाको समेत निर्माण गरिएको छ।

घुम्न आउने पर्यटकलाई सहज रूपमा सलहेश क्षेत्र पुग्न बाटोघाटो सँगै यातायातको समेत व्यवस्था मिलाइएको रोशनले बताउनुहुन्छ। प्रदेश २ सरकार र स्थानीयस्तरबाट समेत सलहेश फूलबारीलाई पर्यटकीय सर्किटको रूपमा विकास गर्न थालेपछि यतिबेला आन्तरिक र बाह्य पर्यटकहरूको पनि आकर्षण बढेको छ।

भ्रमण वर्ष शुरु भएको करीब दुई साताको अवधिमा करीब दुई हजार भन्दा बढी पर्यटक यहाँ आएका सलहेश फूलबारीका पुजारी वीरदेव धामी बताउनुहुन्छ। सलहेश फूलबारी क्षेत्र घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकले सलहेश क्षेत्रमा घुमफिर गर्नाका साथै सलहेश फूलबारीको महत्वबारे समेत जानकारी दिने गरेको पुजारी धामीको भनाइ छ। सलहेश क्षेत्रमा घुम्न आउनेमा धेरैजसो आन्तरिक पर्यटक छन् भने थुप्रै भारतीय पर्यटक पनि यहाँ आउँछन्।

विस १३२५ ताकाका प्रतापी राजा सलहेशको शौर्य, पराक्रम, वीरता, साहस र प्रेमसँग गाँसिएका गाथाहरूको सम्झनास्वरुप प्रत्येक वर्ष वैशाख १ गते यहाँ परम्परागत मेला लाग्ने गर्छ। राजा जयवर्द्धन सलहेश र उहाँकी प्रेमिका दौना मालिनीबीचको प्रेमको प्रतीक मानिने सलहेश फूलबारी करीब १० बिघा क्षेत्रफलमा फैलिएको छ। सगरमाथा अञ्चलकै प्रमुख व्यापारिक केन्द्र लहान बजारदेखि करीब ५ किलोमिटर पश्चिममा रहेको फूलबारी क्षेत्रभित्र हारम प्रजातिको प्राचीन दुई रुखको मध्य भागमा प्रत्येक वर्ष वैशाख १ गते एक जोडी माला आकारका फूल फुल्छ र त्यो फूल त्यही दिन साँझ औइलाएर जान्छ। पर्यटकीय महत्व बोकेका विभिन्न दर्शनीय स्थलहरूमध्ये सलहेश फूलबारीमा नयाँ वर्षको पहिलो दिन पूजाअर्चना गरी नयाँ कामको थालनी गर्ने चलन छ। त्यही फूललाई साक्षी राखी युवायुवतीहरू प्रणय सूत्रमा बाँधिने गर्दछन्।

सलहेश तराईका पासवान जातिको इष्टदेव रहेको जानकारहरूको भनाइ छ। तेन्हौं शताब्दीका लोकनायक मानिने सलहेशको पूजाअर्चनाले सन्तान प्राप्ति र चर्म रोग, कुष्ठ रोग जस्ता रोग ब्याधि निको हुने जनविश्वास रहेको छ। फूलबारीभित्र दुर्लभ प्रजातिका जडीबुटीहरू खोज्न भारतको बिहार, पश्चिम बंगला, नेपालको सिरहा, सप्तरी, उदयपुर, धनुषा लगायतका जिल्लाबाट हजारौंको सङ्ख्या मानिस आउने गर्दछन्।

राजा सलहेश प्रत्येक दिन सिरहा सदरमुकामस्थित आफ्नो राजधानी महिसोथा गढबाट कमल दहमा स्नान गरी फुलबारीमा आफ्ना साथीहरूसँग कुस्ती लडेपछि प्रेमीका मालिनीसँग वनविहार गर्ने किम्बदन्ती रहेको छ।

सलहेश फूलबारी क्षेत्रभित्र चारैतिर मूल फुटेर पानी बगिरहेको दृश्यले समेत पर्यटकको मन तान्छ। फूलबारीभित्र प्रवेश गरेपछि शान्ति र प्रेमको भाव आफै उत्पन्न हुने अनुभूति यहाँ आउने धेरैले गरेका हुन्छन्।

विगतमा राज्यको ध्यान नपुग्दा र अपेक्षाकृत प्रचारप्रसार हुन नसक्दा सलहेश फूलबारी क्षेत्रको विकास हुन नसकेको बताउने तत्कालीन पडरिया गाविसका पूर्वअध्यक्ष मागैन कामैत भन्नुहुन्छ - "पछिल्लो समय स्थानीय सरकारदेखि केन्द्र सरकार समेतको सलहेश फूलबारी क्षेत्रमा ध्यान गएको छ र विस्तारै यस क्षेत्रको विकास हुन गइरहेको आभाष भएको छ।"

# शहीदको सपना पूरा गर्न अझै संघर्षरत : अध्यक्ष यादव

लहान, ५ माघ (रासस)।

समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवले शहीदको सपना पूरा गर्न आफ्नो पार्टी अझै सङ्घर्षरत रहेको बताउनुभएको छ। तेह्रौं मधेश बलिदानी दिवसको अवसर पारेर लहानस्थित शहीद चोकमा रहेको शहीद रमेश महतोसहितको सालिकमा माल्यार्पण गर्दै अध्यक्ष यादवले शहीदहरूको सपना अझै पूरा हुन नसकेकाले सङ्घर्ष जारी रहेको बताउनुभयो।

शहीदहरूको बलिदानीलाई खेर जान नदिने बताउँदै अध्यक्ष यादवले शहीदहरूको सपना पूरा गरेरै छाड्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो। मधेश आन्दोलनको उद्गमस्थल लहानमा रहेका शहीदहरूको सालिकमा समाजवादी पार्टीका अध्यक्ष यादवसहित प्रदेश २ का आर्थिक मामिलामन्त्री विजय यादव सहितका नेता तथा कार्यकताहरूले माल्यार्पण गर्नुभयो। मधेश आन्दोलनका क्रममा रमेश महतोको मृत्यु भएको सम्झनामा माघ ५ गतेलाई समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी (राजपा) ले बलिदानी दिवसका रूपमा मनाउँदै आएका छन्।

दिवसको अवसरमा आइतबार प्रदेश २ मा सार्वजनिक बिदा दिएको प्रदेश २ सरकारले पर्साको वीरगञ्जमा विविध कार्यक्रमको आयोजना गरिएको छ। प्रदेश २ सरकारले अघिल्लो वर्ष माघ ५ गते सिरहाको लहानमा बलिदानी दिवस मनाएको थियो। यस्तै दिवसको अवसरमा आइतबारै डा सिके राउत नेतृत्वको जनमत पार्टीले सिरहाको नवराजपुर गाउँपालिकामा कार्यक्रमको आयोजना गरेको छ।

# स्थानीय तहलाई कालोपत्र सडकद्वारा जोड्ने गरी योजना

काठमाडौँ, ५ माघ (रासस)।

देशभरका ७५३ स्थानीय तहलाई कालोपत्र सडकद्वारा जोड्ने गरी योजनाअघि बढाइएको छ। सबै ३६८ स्थानीय तहको केन्द्रसम्म जोड्ने चार हजार २०० किमी सडक निर्माण र स्तरोन्नति गर्न तयारी अघि बढाइएको छ।

देशभरका सबै पालिकाको केन्द्रसम्म एउटै स्तरको सडक निर्माणका लागि नेपाल सरकारले नै सडक निर्माणको योजना बनाएको स्थानीय पूर्वाधार विभागका महानिर्देशक रामचन्द्र श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार देशभरका सबै पालिकामा कालोपत्र सडक निर्माणका लागि झण्डै रु डेढ खर्ब लागत लाग्ने अनुमान गरिएको छ। निर्माण गर्न लागिएको सडकमा सबैभन्दा बढी प्रदेश सरकारको अधिकार क्षेत्रअन्तर्गत रहेका सडक भएको उहाँले बताउनुभयो।

सडक निर्माणपछि त्यसको मर्मत र सुधारको काम सम्बन्धित सरकारको नै हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले सडकको कालोपत्र गरेर एकरुपता ल्याउन मात्रै लागिएको हो।" सडक निर्माण कसरी गर्ने भनी विभागले सबै प्रदेश सरकारसँग छलफल पनि गरिरहेको छ। छलफलका क्रममा प्रदेश सरकारहरू सकारात्मक देखिएको महानिर्देशक श्रेष्ठले बताउनुभयो।

प्रदेश २, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा त्यहाँको सरकारसँग छलफल भएको थियो। अवधारणामा छलफल हुन बाँकी प्रदेशमा पनि त्यहाँका सरकारसँग छलफल अघि बढाउने उहाँले बताउनुभयो। प्रदेश र स्थानीय सरकारसँगको छलफलसँगै विभागले सडक निर्माणका लागि कार्यविधि अघि बढाइरहेको छ। कुन निकायको जिम्मेवारी के हुने भनी उल्लेख भएको कार्यविधि अहिले कानून मन्त्रालयमा रहेको छ।

## विश्व समाचार

### क्षेप्यास्त्र आक्रमणमा परी यमनमा ७० सैनिक मारिए

साना, ५ माघ (रासस/एएफपी/सिन्ह्वा)।

यमनमा भएको क्षेप्यास्त्र आक्रमणमा परी कम्तीमा ७० सैनिक मारिएका छन्। मरिब प्रान्तमा रहेको मस्जिदमा हुथी विद्रोहीहरुले गरेको आक्रमणमा परी शनिबार उनीहरुको मृत्यु भएको अस्पताल र सैनिक स्रोतले जानकारी दिएको छ।

शनिबार भएको यस आक्रमणमा परी ७० सैनिक मारिएका मरिब अस्पताल स्रोतले पुष्टि गरेको छ। यमनी राष्ट्रपति आबेद्राब्बो मानसुर हादीले कायर र आतङ्ककारी आक्रमण भनि निन्दा गर्नु भएको छ।

यस घटनामा परी अरु दर्जनौं घाइते भएका छन् र ती मध्ये केहीको अवस्था गम्भीर रहेको बताइएको छ। घटनाका बारेमा हुथी विद्रोहीको तर्फबाट अहिलेसम्म कुनै प्रतिक्रिया आएको छैन। यसअघिका यस्तै क्षेप्यास्त्र आक्रमणहरुमा भने हुथी विद्रोहीहरुले जिम्मेवारी लिने गरेका थिए।

सन् २०१४ देखि देशको अधिकांश भाग कब्जामा लिएको हुथी विद्रोही विरुद्ध राष्ट्रपति हादीलाई सन् २०१५ देखि साउदी अरबको गठबन्धन सेनाले समर्थन गर्दै आएको छ।

### बेलायती राजकुमार ह्यारी दम्पतिको शाही उपाधि परित्यागको निर्णय

लण्डन, ५ माघ (रासस/एएफपी)।

बेलायती राजकुमार ह्यारी र उहाँकी श्रीमती मेघनले शाही उपाधि परित्याग गर्नुभएको औपचारिक निर्णय भएको छ। बेलायती राजदरबार बकिङघम प्यालेसको बैठकले उहाँहरुको आग्रहअनुसार शाही उपाधि परित्याग गर्ने घोषणालाई औपचारिकता दिएको हो।

ह्यारी दम्पत्तिले केही दिन अगाडी शाही उपाधि त्यागेर छुट्टै सार्वजनिक जीवन विताउने र सामाजिक सेवाको काम गर्ने घोषणा गर्नुभएको थियो। शाही दरबारमा शनिबार बसेको बैठकले चरण चरणका छलफल र प्रयासहरुलाई आधार मानेर उहाँहरुको घोषणालाई स्विकृति दिने निर्णय गरेको हो।

शाही दरबारको यो निर्णयसँगै उहाँहरुले शाही उपाधि अन्त्य हुने सुनिश्चत भएको छ। तर उहाँहरुलाई आगामी बसन्त ऋतुदेखि मात्रै सो उपाधि प्रयोग नगर्ने निर्णय कार्यान्वयन हुने भएको छ। बेलायती महारानी एलिजावेथ द्धितियाका नाती ह्यारी र अमेरिकी टेलिभिजन कार्यक्रम प्रस्तोता मेगनको शाही परिवारबाट बहिर्गमनको विषयलाई ह्यारीकी आमा स्वर्गीय डायनाको शाही परिवार परित्यागको विषयसँग जोडेर हेरिएको छ।

"महिनौदेखिको कुराकानी, पछिल्ला धेरै छलफलहरुपछि रचनात्मक र सहयोगात्मक कामहरु गर्ने मेरो नाती र परिवारको निर्णयबाट म प्रशन्न छु," ९३ वर्षीय महारानीले वक्तव्यमा लेख्नु भएको छ।

उहाँले भन्नु भएको छ, "ह्यारी, मेगन र उनीहरुका छोरा आर्ची सधैं हाम्रो परिवारका प्रिय सदस्य रहनेछन्, पछिल्ला दुई वर्षमा कडा निगरानीका कारण उनीहरूले चुनौतीको सामना गर्नुपर्‍यो। म उनीहरूको थप स्वतन्त्र जीवन जिउने चाहनाको समर्थन गर्छु।"

दरबारका अनुसार उहाँहरूको शाही उपाधि हटेपछि उहाँहरूले पाउने सैन्य पद पनि हट्ने, नागरिकको करबाट आउने रकम नपाउनेलगायतका घोषणा गरेको पनि वक्तव्यमा उल्लेख गरिएको छ।

दरबारको यो निर्णयसँगै उहाँहरु अब राजपरिवारका औपचारिक सदस्य नरहने हुनुभएको वक्तव्यमा जनाइएको छ। ह्यारी दम्पतिले राजपरिवारको भूमिका परित्याग गरेपछि बेलायत र उत्तर अमेरिकामा आफ्नो समय बिताउने बताउनु भएको छ। केही समयको प्रेम सम्वन्धपछि उहाँहरुले २०१८ मा विवाह गर्नु भएको हो।

राजकुमार चार्सका कान्छा छोरा ह्यारी अहिले ३५ बर्षको हुनुभएको छ भने उहाँकी श्रीमती मेघन ३८ बर्षको हुनुभएको छ। राजकुमार ह्यारी बेलायती राजपरिवारको छैठौं उत्तराधिकारी हुनुहुन्थ्यो।

### लेबनानमा भएको आन्दोलनमा चार सय घाइते

बेरुत, ५ माघ (रासस/एएफपी)।

लेबनानको राजधानी बेरुतमा भएको आन्दोलनका क्रममा शनिबार करिब ४ सय जना घाइते भएका छन्।

सरकार विरोधी आन्दोलनकारी र सरकारी सुरक्षाकर्मीहरुका बीचमा भएको झडपमा परी उनीहरु घाइते भएका उद्धारकर्ताहरुले जानकारी दिएका छन्। आन्दोलन सुरु भएदेखि अहिलेसम्ममा यो नै एकैचोटी सवैभन्दा धेरै घाइते भएका घटना भएको उनीहरुले बताएका छन्।

रेडक्रस र नागरिक रक्षाका अधिकारीहरुले आन्दोलनका क्रममा ३ सय ७७ जना घाइते भएको र उनीहरुको विभिन्न अस्पतालमा उपचार गरिएको जनाएका छन्। आन्दोलन दबाउनका लागि प्रहरीले अन्दोलनकारीलाई लक्षित गरेर पानीको फोहोरा र अश्रुग्याँस प्रहार गर्नुका साथै लाठिचार्ज समेत गरेको थियो।

सुरक्षाकर्मीहरुले हस्तक्षेप गरेपछि आन्दोलनकारीले पनि सुरक्षाकर्मीविरुद्ध प्रहार गरेका थिए। दुवै पक्षका बीचमा झडप हुदाँ उनीहरु घाइते भएका हुन्। घाइते हुनेमा अधिकांश आन्दोलनकारी रहेका छन् भने केही सुरक्षाकर्मी पनि रहेका छन्।

वर्तमान सरकार हटाउन, भ्रष्टाचार नियन्त्रण गर्न, सार्वजनिक सेवा प्रभावकारी गराउनलगायतका माग गर्दै लेबनानमा केही समयदेखि आन्दोलन हुदै आएको छ।

# समाजवादी विद्यार्थीद्वारा बलिदानी दिवसमा बृक्षारोपन



**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

समाजवादी पार्टी निकट समाजवादी विद्यार्थी युनियनले बलिदानी दिवसको अवसरमा आइतबार क्याम्पसमा बृक्षारोपन गरेको छ ।

युनियनले महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजबिराजको प्राङ्गणमा बृक्षारोपन तथा मैनवति प्रज्वलन गरेको हो ।

सो अवसरमा प्रमुख अतिथि समाजवादी पार्टीका केन्द्रीय उपाध्यक्ष रेणु कुमारी यादबले मधेस बिद्रोहको प्रथम सहिद रमेश महतोप्रति श्रद्वाञ्जली अपर्ण गर्दै देशमा मधेसी, मुस्लिम, थारु अल्पसंख्यकले जे जति पाएको छ त्यो बलिदानको उपज भएको बताईन । उनले सहिदको सपना पूरा गर्न र मधेशीलाई अधिकार ग्यारेन्टी गर्न अझै बाँकी रहेकोले मधेशीले अधिकार प्राप्तीका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिईन ।

सो अवसरमा क्याम्पस प्रमुख प्रा. डा. सर्बेश चन्द्र मिश्र, प्रदेश बिधायक अभिषेक यादव, सपा सप्तरी अध्यक्ष केदार प्रसाद यादव, सपा केन्द्रिय सदस्य एवं स्वबियु केन्द्रिय इन्चार्ज अशोक कुमार यादव, समाजवादी विद्यार्थीका जिल्ला अध्यक्ष संजय यादव, मबिब क्याम्पस शिक्षा बिभाग इन्चार्ज राम आशिष यादव, मबिब क्याम्पस पुर्ब परिक्षा शाखा प्रमुख राजेन्द्र प्रसाद दास (सिबु), परिक्षा शाखा प्रमुख चन्देश्वर यादव, सबियु मबिब क्याम्पस इकाई उपाध्यक्ष आसमा चौधरी, कोषाध्यक्ष सर्निता कुमारी यादव लगायत क्याम्पसको विभिन्न संकायको छात्र छात्राहरुले क्याम्पसमा विभिन्न प्रजातिका बृक्षारोपन गरेका थिए ।

# राष्ट्रिय बिद्यार्थीद्वारा बलिदानी दिवसमा दिप प्रज्जवलन

**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

राजपा नेपाल निकट राष्ट्रिय बिद्याथी संघले बलिदानी दिवसको अवसरमा आइतबार साँझ मैनवति प्रज्जवलन गरेको छ ।

मधेश विद्रोहको १३ वर्ष पूरा भएको र शहीदहरुको सम्झनामा राजबिराजस्थित गजेन्द्र चौक बिद्यार्थीहरूले मैनवति प्रज्वलन गरी दिवस मनाएको हो ।

सो कार्यक्रमलाई सम्बोधन गर्दै युवा मञ्चका केन्द्रीय सदस्य तथा पुर्व स्वबियु सदस्य जय नारायण यादबले सरकारले मधेशी बिद्यार्थीहरूलाई विभेद, भेदभाव गरेकोले बिद्यार्थीहरूको समस्याहरूको समस्या सम्बोधन गर्न माँग गरेका छन् ।




कार्यक्रममा राष्ट्रिय बिद्यार्थी संघका जिल्ला अध्यक्ष शम्भु कुमार यादब, युवा मञ्चका केन्द्रीय सदस्य जय नारायण यादब, राबि संघ कोषाध्यक्ष नरेश यादब, मबिब क्याम्पसका ईकाई अध्यक्ष बिकास मण्डल, सहअध्यक्ष शर्वेश झा, ईकाई ईन्चार्ज रंजित यादबलगायत बिद्यार्थी नेताहरूको उपस्थिति रहेको थियो ।

नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT




एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

# नेकपा, राजपा र समाजवादी पार्टीबीच दुई बुँदे सहमति

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ माघ ।**

नेपाल कम्युनिस्ट पार्टी ( नेकपा), राष्ट्रिय जनता पार्टी ( राजपा) नेपाल र नेपाल संघीय समाजवादी पार्टीबीच दुईबुँदे सहमति भएको छ ।

प्रदेश २ को प्रदेशसभामा रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीका एक प्रदेशसभा सदस्य छन् ।

आसन्न राष्ट्रियसभा निर्वाचनलाई लिएर तीन दलबीच आइतबार दुईबुँदे सहमति भएको हो । सहमतिअनुसार नेपाल संघीय समाजवादी पार्टीले राष्ट्रियसभा निर्वाचनमा नेकपा-राजपा गठबन्धनका उम्मेदरवारहरुलाई समर्थन गर्नेछ ।

नेकपा र राजपाले यसअघि नै चुनावी तालमेल गरेर प्रदेश २ का चार सिटमा २-२ उम्मेदवार उठाएका छन् ।

## *सातै दिन ...*

पटक-पटक संचालनमा आउने र बन्द हुने नियती भोग्दै आएको थियो । तर पच्छिलो पटक कच्ची तथा अन्य भौतिक पुर्वाधार निर्माण सम्पन्न भएपछि गत २०७५ साल अषाढ १० गते देखि श्री एयरलाईन्सले उडान सेवा सुरु गरेको थियो ।

## *सात सय असायलाई ...*

ब्लायङकेट बितरण गरिएको छ ।

सप्तरी सामुदायिक विकास केन्द्र नेपाल र सामि हेल्भेटास नेपालको सहयोगमा जिल्लाको कंचनरुप नगरपालिका र राजगढ गाउँपालिकामा सो ब्लायङकेट बितरण गरिएको हो ।

कंचनरूप नगरपालिकाको समन्वय तथा नगरपालिकाका प्रमुख बसन्त मिश्रको अगुवाईमा सो ब्लायङकेट बितरण गरिएको हो ।

त्यस्तै राजगढ गाउपालिकाको समन्वय तथा वडा अध्यक्ष सिताराम यादबको अगुवाईमा त्यहाका सदाय, राम र डोम बस्तिहरूमा ५ सय जनालाई ब्लयाङकेट वितरण गरिएको संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिएका छन् ।

## *काँग्रेस सप्तरीद्वारा ...*

भन्दै आइतबार राजविराजमा बिरोध प्रदर्शन गरेको छ ।

काँग्रेस सप्तरीले सूचना प्रविधि विधेयक बिरुद्ध ऱ्याली निकाल्दै राजविराजको विभिन्न स्थानमा प्रदर्शन गरेको हो ।

नेपाली काग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवको नेतृत्वमा भएको प्रदर्शनमा काँग्रेसका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो । बिरोध ऱ्याली पश्चात् जिल्ला प्रशासन कार्यालय सप्तरीमा पुगि प्रधानमन्त्रीको कार्यालयलाई बिरोध पत्र समेत बुझाएको छ ।

बुझाइएको बिरोध पत्रमा नेपाल सरकारले विशेषा सेवा गठन र संचालन सम्बन्धी कानुनलाई संसोधन र एकिकरण गर्न बनेको विधेयक तथा संसदको विकास तथा प्रविधि समितिबाट बहुमतले पारित सूच्ना प्रविधि विधेयकले संविधान प्रदत नागरिक अधिकार हनन् गर्न लागेको विषय अत्यन्तै गम्भिर रहेको उल्लेख छ ।

ज्ञापनपत्रमा नागरिकको स्वतन्त्रतालाई समेत समाप्त पार्ने नियोजित षडयन्त्र रहेको हुँदा नेपाली काँग्रेस जिल्ला कार्य समितिले त्यस्ता षडयन्त्र बिरुद्ध बिरोध गरेको उल्लेख छ ।

दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*